थुलुङ दुधकोशी गाउँपालिका

*गाउँपालिका उपाध्यक्ष सविता राई ज्यूले गाउँसभामा प्रस्तुत गर्नुभई गाउँसभाबाट पारित भएको*

# थुलुङ दुधकोशी गाउँपालिकाको नीति तथा कार्यक्रम २०८१/८२

थुलुङ दुधकोशी गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, मुक्ली

कोशी प्रदेश, नेपाल

**यस सम्मानित सभाका श्रद्धेय सभाध्यक्ष ज्यू,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

गाउँपालिका अर्न्तगतका सम्पूर्ण राष्ट्र सेवक कर्मचारीहरु, सुरक्षाकर्मी, सञ्चारकर्मी एवं उपस्थित सम्पूर्ण महानुभावहरु । आजको यो ऐतिहासिक गाउँसभामा थुलुङ दुधकोशी गाउँपालिकाको आ.व २०८१/०८२ को वार्षिक बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गर्ने श्रद्धेय अध्यक्ष ज्यू समक्ष अनुमति चाहान्छु ।

सर्वप्रथम, नेपालको संघीय लोकतान्त्रिक गणतन्त्र प्राप्तिका लागी नेपाली जनताले पटक-पटक गर्दै आएको ऐतिहासिक जनयुद्ध, जनआन्दोलन लगायत व्यवस्था परिवर्तनको लागि भएका विभिन्न आन्दोलनहरुको उच्च सम्मान गर्दै समावेशिता, लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता तथा न्याय एवं समानताको खातिर जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण सहिदहरु तथा वेपत्ता र पीडित नागरिकहरुलाई सम्मान व्यक्त गर्दछु ।

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश सभाले बनाएको गाउँसभा संचालन कार्यविधि ऐन २०७५ बमोजिम यो गाउँसभा संचालन भैरहेको व्यहोरा अवगत गराउँदछु ।

**श्रद्धेय सभाध्यक्ष महोदय,**

यस सम्मानित गाउँसभामा अब म आ.व २०८१/०८२ को नीति तथा कार्यक्रमहरु वाचन गर्ने अनुमति चाहन्छु ।

१. थुलुङ दुधकोशी गाउँपालिकाले आगामी आर्थिक वर्ष २०८१/०८२ का लागी बजेटमा निम्नानुसार गाउँपालिका स्तरीय संचालनमा रहेका र पहिचान गरिएका आयोजनाहरुलाई गाउँपालिकाको गौरवको आयोजनाको रुपमा प्रभावकारी रुपमा कार्यन्वयन गर्नका लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ ।

- प्रदेश स्तरीय खेल मैदान
- नेले देखि पालिका केन्द्र सडक कालोपत्रे
- नेले देउसा दिप्लीघाट सडक स्तरोन्नती
- आमा सुरक्षा कार्यक्रम

- थुलुङ दुधकोशी अस्पताल
- थुलुङ दुधकोशी बहुप्राविधिक शिक्षालय
- गाउँपालिका स्तरीय चिस्यान केन्द्र
- सुकेपोखरी / डाँडाखर्क पर्या-पर्यटन सांस्कृतिक क्षेत्र विकास कार्यक्रम
- जालिम पोखरी धार्मिक-सांस्कृतिक पर्यटकीय क्षेत्र विकास कार्यक्रम
- थुलुङ दुधकोशी प्राथमिक अस्पताल
- पन्चन खानेपानी आयोजना
- नेले बजार, सुके बजार लगायतका वजार क्षेत्रमा ढल व्यवस्थापन
- कफि, किवी तथा सुन्तला प्रशोधन केन्द्र स्थापना
- स्थानीय/रैथाने उत्पादन तथा सीप विकास प्रवर्द्धन तथा वजारीकरण कार्यक्रम
- कफी र खानेतेलमा आत्मनिर्भर गाउँपालिका निर्माण

२. संघ, प्रदेश सरकार लगायत अन्य निकायहरुसँगको साझेदारीमा संचालनमा रहेका र कार्यन्वयनको निम्ति प्रस्तावित निम्न कार्यक्रमहरुको लागि आवश्यक समपुरक बजेटको व्यवस्था मिलाइनेछ ।

- प्रदेशस्तरीय खेल मैदान
- दुधकोशी अस्पताल संचालन तथा व्यवस्थापन
- थुलुङ दुधकोशी प्राथमिक अस्पताल
- थुलुङ दुधकोशी बहुप्राविधिक शिक्षालय

३. चालु आ.व मा सम्झौता भई कार्यान्वयन सुरु भएको योजनाहरुलाई सम्पन्न गर्न प्राथमिकताका साथ वजेटको व्यवस्था गरिनेछ ।

**आदरणीय सभाध्यक्षज्यू एवम् मान्य सदस्य ज्यूहरु,**

अब हामी आर्थिक वर्ष २०८१/८२ मा राखिएको उद्देश्य कार्यान्वयन गर्दा अवलम्बन गरिने विशिष्टिकृत, क्षेत्रगत प्रमुख नीतिहरू तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## नीति तथा कार्यक्रमहरु:

संविधानले प्रदान गरेका नागरिकका अधिकारहरुको पूर्ण प्रत्याभुति हुने गरी कार्यक्रम तथा बजेट निर्माण गरिने छ । गरिव, दलित, अल्पसंख्यक तथा वेरोजगारहरुको सूची तयार गरी

लक्षित वर्गको आर्थिक स्तर उकास्ने साथै दिगो विकासका दिर्घकालीन लक्ष्यहरुलाई टेवा पुग्ने किसिमका समाजवादी कार्यक्रमहरु लागू गरिने छ । सक्षम नागरिक, समृद्ध र समुन्नत पालिकाको अभियानलाई अगाडी बढाईने छ ।

**शिक्षा**

१. गाउँपालिकाबाट जारी गरिएको श्वेतपत्र अक्षरस पालना गरी गराई शैक्षिक सुधार वर्ष घोषणा गरिनेछ। समयानुकूल स्वेत पत्रको संशोधन गरी जारी गरिनेछ ।

२. विद्यालयलाई प्रविधिमैत्री बनाउन ई हाजिरी, इमेल, इन्टरनेट माध्यमको व्यवस्था गरी प्रत्येक विद्यालयमा एकजना आइटी फोकल शिक्षकको व्यवस्था गरिनेछ । आवश्यक तालिम/प्रशिक्षण गाउँपालिकाबाट हुने व्यवस्था गरिनेछ ।

३. थुलुङ दुधकोशी गाउँपालिकाको बहुप्राविधिक शिक्षालयमा पढ्दै कमाउदै, कमाउदै पढ्दै कार्यक्रम लागू गरिनेछ ।

४. गाउँपालिका अन्तर्गतको विद्यालयहरुलाई थप व्यवस्थित र प्रतिष्पर्धी बनाई गुणस्तरीय शिक्षा प्रदान गरिनेछ ।

५. विद्यालयहरुलाई आवश्यकता र औचित्यताको आधारमा एकिकरण गर्ने तथा स्थापना गर्ने नीति अवलम्बन गरिनेछ ।

६. गुणस्तरीय शिक्षाका लागि दक्ष शिक्षक भन्ने मूल नारालाई आत्मसात गर्दै आवश्यक तालिम, पृष्ठपोषण प्रदान, आवश्यक वातावरण निर्माण तथा निरन्तर मूल्यांकन गरी प्रभावकारी शैक्षिक वातावरण तयार पारिनेछ ।

७. शिक्षाको जग आधारभूत शिक्षा हुने हुँदा आधारभूत तहलाई विशेष महत्व दिइनेछ ।

८. गणित, विज्ञान तथा अंग्रेजी विषयहरुको गुणस्तरीय पठन पाठनलाई उच्च महत्व दिई आवश्यक जनशक्ति व्यवस्थापन गरिनेछ ।

९. विद्यार्थी भर्नादर उच्च बनाउन र विद्यालय छोड्ने विद्यार्थी दर कम गराउन विद्यालय, अभिभावक तथा जनप्रतिनिधी समेतको समन्वयात्मक प्रयासलाई अगाडी बढाइने छ ।

१०. सामुदायिक विद्यालयमा अध्ययन गर्ने विद्यार्थीलाई बहुप्रतिभाशाली बनाउदै, बहुआयामिक ब्यक्तित्व निर्माण गर्ने हेतुले विद्यालयहरुमा अतिरिक्त क्रियाकलापमा जोड दिईने छ । अध्यक्षकप र राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता तथा अन्य खेलकुद गतिविधिलाई विद्यालयहरुसँगको समन्वय र सहकार्यबाट निरन्तरता दिइनेछ ।

११. विद्यालयका प्रधानाध्यापकसँग शिक्षाको गुणस्तर अभिवृद्धिका लागि कार्य सम्पादन करार सम्झौता गरिने छ । विद्यालयको पठन पाठन एवं अध्यापन कार्यको समेत नियमित सुपरिवेक्षण गरी सुधारको कार्यलाई निरन्तरता दिईनेछ । साथै यस कार्यमा शिक्षा समितिहरुलाई सक्रीय बनाइनेछ ।

१२. सूचकाङ्कका आधारमा उत्कृष्ट कार्य सम्पादन गर्ने विद्यालयलाई प्रोत्साहन गर्न कार्य सम्पादन पुरस्कार र सम्मान प्रदान गरिनेछ ।

१३. प्रारम्भिक बाल विकासको लागि संघीय तथा प्रदेश सरकारको सहकार्यमा गुणस्तर सुधारका कार्यहरु कार्यान्वयनमा ल्याइनेछ ।

१४. अनिवार्य तथा निःशुल्क शिक्षा प्राप्त गर्ने वातावरण सृजना गर्न आवश्यकताका आधारमा आवासीय सुविधा तथा केन्द्र सरकारको सहकार्यमा दिवाखाजाको लागि अभिभावकहरुलाई स्तरीय टिफिन वितरण गरी घरैबाट स्थानीय उत्पादनमा आधरित खाजा ल्याउने वातावरण सृजना गराईने छ ।

१५. विद्यालयमा स्वास्थ्य तथा सरसफाईयुक्त वातावरण निर्माण गरिनेछ साथै विद्यालयको पुनर्निर्माण तथा भौतिक पूर्वाधार निर्माण कार्यलाई निरन्तरता दिइनेछ।

१६. शिक्षक तालिम, अभिमुखीकरण कार्य संचालन गर्नका लागि गैरसरकारी संस्थाहरुसँग आवश्यक समन्वय र सहजीकरण गरिनेछ ।

१७. केन्द्र सरकार तथा प्रदेश सरकारको सहकार्यमा छात्राहरुलाई नियमित रुपमा विद्यालयमा उपस्थित हुनको लागि प्रोत्साहित गरिने छ ।

१८. विद्यार्थीहरुको स्वास्थ्य मजबुद बनाउन खानपिनमा अधिकतम पोषण सन्तुलन मिलाउनका लागि पोषणविदहरुको सहायताले ठाउँ ठाउँमा पोषण शिविर सञ्चालन गरिने छ । पत्रुखाना(जंक फुड) लाई पूर्ण रुपमा प्रतिस्थापन गरी स्थानीय कृषि उपज (जस्तैः धान, कोदो, मकै, फापर, जौ, गहुँ आदि) बाट खाना र दिवा खाजा व्यवस्थापनमा जोड दिईने छ ।

१९. विद्यार्थी शिक्षक अनुपातका आधारमा शिक्षक दरवन्दी मिलानका कार्य गरिनेछ ।

२०. नेपालको संविधानको धारा ३१ र ४० ले परिकल्पना गरेको ब्यवस्था अनुसार शिक्षालाई ब्यवहारिक बनाउदै गरिब, दलित, लोपोन्मुख जाति र अपाङ्गता भएकाहरुलाई निशुल्क शिक्षाको व्यवस्था गरिने छ ।

२१. नेपाल सरकारको नीति अनुसार गउँपालिकाले आधारभूत तहमा स्थानीय पाठ्यक्रम निमार्ण गरी लागू गरिनेछ ।

२२. निर्धारित गरिएको विषयहरुमा विषयगत रुपमा तथा समग्र विद्यालको वार्षिक सिकाई उपलब्धीको आधारमा विषय शिक्षक तथा विद्यालयलाई आवश्यक पुरस्कार, प्रोत्साहनको व्यवस्था गरिनेछ ।

२३. गाउँपालिकाभित्र भएका विद्यालय मध्ये एउटा विद्यालयलाई स्मार्ट विद्यालयको रुपमा विकास गरी प्रविधिको माध्यमबाट समेत पठन पाठन गर्ने व्यवस्था गरिनेछ ।

२४. माध्यमिक विद्यालयको १० जोड २ तहमा एकभन्दा बढी विद्यालयका विद्यार्थीहरुलाई आवासीय सुविधा सहित एकिकृत रुपमा पठन पाठन गर्न गराउनको लागि सम्भाव्यता अध्ययन गरी आवश्यक पहल गरिनेछ ।

**कृषि तथा पशुपालन**

१. खानेतेल र कफीमा आत्मनिर्भर भई गाउँपालिकामा आयात खानेतेल र कफीको प्रतिस्थापन गरिनेछ । खानेतेल आयात प्रतिस्थापनको लागि गाउँपालिकाको उपयुक्त क्षेत्रमा तोरी खेती गर्ने तथा मिलहरुको स्थापना गरिनेछ । मिलबाट उत्पादित तेललाई प्याकेजिङ गर्ने लेवलिङ गर्ने र बजारीकरण गर्ने कार्य गरिनेछ ।

२. गाउँपालिका र स्थानीय जनता, सहकारीहरु, उद्योगी, व्यवसायीहरुको संयुक्त लगानीमा सार्वजनिक निजी सहकार्यको मोडेलमा एक गाउँ विकास सहकारी स्थापना गरी कृषि ऋणको व्यवस्था गरिनेछ । साथै सहकारी मार्फत स्थानीय उत्पादनको बजारीकरण गरिनेछ । गाउँ विकास सहकारी मार्फत कफी प्रशोधन तथा ब्राण्डिङ गरिनेछ ।डेरी स्थापना तथा संचालन गर्ने, काठमाण्डौ लगायतका शहरी क्षेत्रमा अर्गानिक थोक विक्री केन्द्र स्थापना तथा संचालन गर्ने,सुपथ मूल्यको थोक पसल संचालन लगायतको कार्यक्रम लागू गरिनेछ ।

३. गाउँपालिकामा उत्पादन भैरहेको साथै वृहत उत्पादन हुन सक्ने स्थानीय उपज, कृषि उत्पादनहरुको उत्पादकत्व अभिवृद्धि र वजार प्रवर्द्धनको लागि स्थानीय किसान, व्यवसायी, सरोकारवाला, जनप्रतिनिधि तथा कृषि विज्ञ सहितको सहभागितामा एक वृहत कार्यशाला संचालन गरी कृषि उपज उत्पादन प्रवर्द्धनको लागि ठोस कार्ययोजना निर्माण गरी कार्यान्वयन गरिनेछ।

४. गाउँपालिकाभित्र अत्याधिक मात्रामा उत्पादन भई विक्रीको निम्ति वजार पाउन नसकेका उत्पादनहरु विशेष गरी आलु, किवी जस्ता उत्पादनको लागि वाह्य क्षेत्रमा वजार खोजी गर्ने, व्यवसायी तथा प्रशोधन कम्पनीहरुसँग खरिद सम्झौता गर्ने कार्य गरी वजारीकरणको ठोस पहल गरिनेछ ।

५. कृषि बालीमा लाग्ने रोग किराहरुको निदान तथा रोकथाम र पशुचौपायाहरुमा लाग्ने रोगहरुको उपचारका लागि टोलटोलमा कृषि जेटिए र पशु चिकित्सक खटाईनेछ ।

६. कृषकहरुलाई खेती प्रविधिको बारेमा जानकारी गराउन कृषि प्राविधिकहरुलाई टोल टोलमा परिचालन गरिने छ ।

७. प्रांगारिक मल तथा प्रांगारिक विषादी परीक्षण तथा उत्पादन केन्द्रको स्थापना तथा संचालन गरी प्रांगारिक मल र विषादी उत्पादन गरिनेछ ।

८. गाउँपालिकामा भएका कृषि वन श्रोत केन्द्र तथा कृषि समूह संस्थाहरुसँगको सहकार्यमा फलफूल वेर्नाहरु स्थानीय स्तरमै उत्पादन गरी निकासी समेत गर्न सकिने अवस्था सृजना गरिनेछ ।

९. धान, गहुँ, कोदो, फापर जस्ता परम्परागत खेतीबाट उत्पादन वृद्धिमा प्रोत्साहन गरिनेछ।

१०. हरेक वडामा कृषि सहकारी तथा कृषक समुहको परिचालन गरी कृषकहरुलाई आर्थिक गतिविधिमा सामेल गराई आर्थिक बृद्धिको आधारलाई बलियो बनाईने छ । कृषि शहकारी मार्फत नै प्राविधि हस्तान्तरण, विउविजन र अनुदान सहयोग उपलब्ध गराईनेछ । कृषकले उत्पादन गर्ने अन्न, नगदेबाली अन्य उपजलाई कृषि एम्बुलेन्स मार्फत टोलटोलबाट संकलन बजारसम्म पुर्‍याउने वातावरण निर्माण गरिने छ

११. कृषि विकासमा डिजिटल सेवा र प्रविधिको प्रयोग प्रभावकारी ढंगले गरिनेछ ।

१२. गाउँपालिकामा उत्पादन भै रहेको सुन्तला, किवी, कागतीको वृहत उत्पादनलाई निरन्तरता दिँदै वजारीकरण तर्फ ध्यान दिइने साथै अकबरे खुर्सानीको वृहत उत्पादन गरिनेछ ।

१३. किसानहरुको उत्पादनको समर्थन मूल्य निर्धारण गर्ने कार्यविधि तयार गरी उत्पादनलाई वजारसम्म पुर्‍याउनको लागि अनुदान प्रदान गरिने व्यवस्था गरिनेछ ।

१४. उपयुक्तता र उत्पादनको अवस्था मूल्यांकन गरी गाउँपालिकाका विभिन्न स्थानमा कृषि उपज संकलन तथा विक्री केन्द्रको स्थापना गरी संचालन गरिनेछ । प्रत्येक वडाको

उत्पादन र पहुँचमा आधारित रहने गरी चिस्यान केन्द्र (कोल्ड स्टोर) स्थापना र संचालन गरिनेछ ।

१५. दुग्धजन्य उत्पादनलाई बृद्धि गर्न पशु नश्ल सुधार कार्यक्रम संचालन गरिने छ ।

१६. वर्षेनी हुने दैवी प्रकोपबाट किसानका बाली तथा पशुधनहरु समय समयमा नोक्सान भई आर्थिक रुपमा कृषकहरुले ठुलो क्षती व्यहोर्नुपर्ने वाध्यता रहेकोले विभिन्न वीमा कम्पनीहरुसँग समन्वय गरी कृषि बाली विमा तथा पशु विमा गर्नका लागि आवश्यक प्रवन्ध मिलाइनेछ ।

१७. स्थनीय उत्पादन विक्री केन्द्रको रुपमा गाउँपालिकाको प्रशासनिक केन्द्र आसपास तथा आवश्यक स्थानहरुमा हाट बजारको विस्तार गरिनेछ ।

१८. गाउँपालिकामा छिमेकी स्थानीय तह तथा छिमेकी जिल्लालाई समेत समेट्ने गरी एक आधारभूत ल्याव सेवा सहितको भेटेनरी अस्पतालको स्थापनाको लागि अध्ययन गर्ने तथा अन्तर तह समन्वय गरिनेछ ।

१९. कृषकको क्षमता अभिवृद्धिको लागी पालिका स्तर तथा प्रदेश स्तरको तालिम केन्द्रसँग समन्वय गरी बिभिन्न तालिम तथा गोष्ठीहरु संचालन गरिनेछ ।

२०. एक वडा एक कृषि उत्पादनको नीति अवलम्बन गरी प्रत्येक वडामा विशेष कृषि वालीको वृहत उत्पादन गर्ने कार्यक्रम लागू गरिनेछ ।

२१. मरिच, भुईकटहर, अदुवा, वेसार, चिया र कफी जस्ता नगदेबालि खेतीमा अनुदानको व्यवस्था गरी उत्पादन बढाउन प्रेरित गरिने छ ।

२२. गाउँपालिकालाई विषादीमुक्त क्षेत्र बनाउनका लागि बालिनालीमा कृषकहरुले प्रयोग गर्ने रसायनीक मल, किटनाशक औषधिहरुको प्रयोगलाई निरुत्साहित गरिनेछ ।

२३. डेरी मार्फत छुर्पी उत्पादन गरी अन्तर्राष्ट्रिय निकाशी गर्ने तथा पनिर, दही लगायतका उत्पादनको उपयुक्त वजारीकरणको व्यवस्था गरिनेछ ।

**स्वास्थ्य**

१) दुधकोशी अस्पताललाई ५० शैयाको अस्पतालमा स्तरउन्नति गरी स्वास्थ्य वीमा केन्द्रको रुपमा स्थापित गरिनेछ । दुधकोशी अस्पतालमा MDGP डक्टरको व्यवस्था निरन्तर रुपमा गरी विशेषज्ञ सेवा सहितको सर्वसुलभ स्वास्थ्य सेवा प्रदान गरिनेछ ।

२) स्वास्थ्य वीमा कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने व्यवस्था गरिनेछ ।

३) २४ सै घण्टा विशेषज्ञ सेवा दिईरहेको दुधकोशी अस्पताललाई गाउँपालिका मातहतमा संचालन गरी सेवाहरुको विस्तार गरिनेछ ।

४) एम्बुलेन्स सुविधा थप गरी एम्बुलेन्स मार्फत गर्भवती, सुत्केरी, बृद्धबृद्धा र लक्षित बर्गका नागरिकहरुलाई निशुल्क एम्बुलेन्स सेवा उपलब्ध गराईने छ ।

५) ७० वर्ष नाघेका वृद्धवृद्धालाई निशुल्क उपचार र शारीरिक रुपमा अशक्त, बालबालिका र गर्भवति महिलाहरुलाई घरघरमा पुगी स्वास्थ्य जाँच कार्यक्रम लागू गरिनेछ।

६) “स्वस्थ्य नागरिक— समुन्नत पालिका” भन्ने मूल नाराको साथ नागरिकलाई सुरक्षित र गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ ।

७) गर्भवती महिलाले गर्ने नियमित स्वास्थ्य जाँच र तालिमप्राप्त स्वास्थ्य कर्मीबाट वर्थिङ सेन्टरमा नै प्रसुती गराउनेको संख्या पूर्ण कायम गरिनेछ ।

८) सुत्केरी महिलालाई पोषणको आपूर्तीका लागि कोशेली कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

९) बालबालिका, गर्भवती महिला र अन्य बिरामीहरुको स्वास्थ्य परीक्षणका लागि प्रत्येक वडा तहमा नै दाँत, आँखा, ल्याव, ई सि जि, भिडियो एक्सरे सेवा सहित चिकित्सकको टोलीबाट स्वास्थ्य परीक्षणको व्यवस्था मिलाईने छ ।

१०) गम्भीर तथा आपतकालिन अवस्थाका विरामीहरुलाई गाउँपालिकाको स्वास्थ्य उपचार कोष बाट सहयोग गरिने छ ।

११) संक्रमण तथा जोखिममा खटिने स्वास्थ्यकर्मी, एम्बुलेन्स चालक र गाउँप्रहरीलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) स्वास्थ्यकर्मी र महिला स्वास्थ्य स्वयंम सेविकालाई पुनर्ताजगी तालिमको व्यवस्था गरिने छ ।

१३) गाउँ पालिकाभित्र रहेको निजी क्लिनिक र मेडिकल हलहरुबाट प्रदान गरिने सेवाहरुको गुणस्तरीयता सम्बन्धी अनुगमन गरिनेछ ।

१४) अध्यक्षको तोकादेशमा आधारित गरिव परिवारको लागि असाध्य रोगको उपचार राहत कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१५) महिलाहरुमा हुने पाठेघरको क्यान्सर, स्तन क्यान्सरको निदान एवं उपचारको लागि सहज सुलभ बनाउन विशेष कार्यक्रम ल्याईने छ । प्रजनन् स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन समुदायमा महिलाहरुको प्रजनन रुग्नता र समस्याहरुको पहिचान र व्यवस्थापनका

लागि समुदाय स्तरमा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ र रिङ पेशरी सेवालाई निरन्तरता दिइनेछ ।

१६) राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत सन्चालन हुने नियमित खोप सेवा लगायतका खोप अभियानलाई प्रभावकारी बनाइनेछ ।

१७) गाउँपालिका अन्तर्गतका अस्पताल तथा स्वास्थ्य चौकीहरुमा द्रूत गतिको इन्टरनेटको व्यवस्था गरी स्वास्थ्य कर्मीहरुले दुधकोशी अस्पताल लगायतका विभिन्न विशेषज्ञहरुसँग प्रत्यक्ष परामर्श (टेलिमेडिसिन) गरी विशेषज्ञ सेवा प्रदान गरिनेछ ।

१८) स्वस्थ्य जीवनका लागि योग र साधनाको अवधारणालाई आत्मसात गर्दै गाउँपालिकामा योग शिविर आयोजना गरिनेछ ।

१९) गरिव, विपन्न दलित एवं अल्पसंख्यक समुदायका विद्यार्थीलाई छात्राबृत्तिमा मेडिकल शिक्षा अध्ययनको ब्यवस्था गराईने छ ।

२०. गाउँपालिकाको वडा नं. ५ मा गाउँपालिका स्तरीय अस्पताल निर्माणलाई तिव्रता दिइनेछ ।

२१. आमा सुरक्षा कार्यक्रम तथा विद्यालय नर्स कार्यक्रमलाई निरन्तरता दिईनेछ।

२२. पोषणमैत्री गाउँपालिका घोषणा गर्नको लागि आवश्यक योजना निर्माण गरी लागु गरिनेछ ।

**भौतिक पूर्वाधार विकास (भवन, सडक, यातायात)**

१) नेले चारघरे पालिका केन्द्र सडक कालोपत्रे गरिने छ । सबै वडाबाट पालिका केन्द्रसम्म आउने सडकहरुको स्तर उन्नती गरिनेछ ।

२) भवन निर्माण बाँकी रहेका वडाहरुको प्रशासनिक भवन ब्यवस्थापनको काम अगाडी बढाईने छ ।

३) दुधकोशी बहुप्राविधिक शिक्षालयमा निर्माण सामग्री परीक्षण सम्बन्धी ल्याव संचालन गरिनेछ ।

४) गाउँपालिकामा सुविधा सम्पन्न बसपार्क निर्माण गरिनेछ।

५) गाउँपालिकाभित्र रहेको सडकहरुको लगत कट्टा गरिने कार्यको थालनी गरिनेछ ।

६) गाउँ पालिका क्षेत्रभित्र चल्ने सवारी साधनहरुको विभिन्न सरोकारवाला निकायहरुको समन्वयमा वैज्ञानिक दररेट कायम गरी लागू गरिने छ ।

७) गउँपालिकाबाट संचालन हुने योजना पूर्ण रुपमा टोल विकास संस्थाबाट मात्र गरिनेछ भने टोल विकास संस्थाका पदाधिकारीहरुलाई अभिमूखीकरण गरी अनुगमण संयन्त्र दीगो वनाइनेछ ।

८) अन्तरपालिका तथा अन्तरजिल्ला जोड्ने रणनितिक सडकहरुको पहिचान गरी निर्माणका लागि सम्बन्धित स्थानीय तह तथा प्रदेश र संघीय सरकारसँगको सहकार्यलाई बढावा दिईने छ ।

९) गाउँपालिकाको उपयुक्त स्थानमा विद्युतीय चार्जिङ स्टेसन निर्माणका लागि आवश्यक सम्भाव्यता अध्ययन तथा डिपीआर तयार गरी नेपाल विद्युत प्राधिकरणसँगको समन्वयमा चार्जिङ स्टेसन स्थापनाको आधार तयार पारिनेछ ।

१०. गाउँपालिकाको प्रत्येक वडा तथा मूल सडकहरुमा बाह्रै महिना सवारी चल्न सक्ने गरी सडक स्तरउन्नतिका कार्यक्रम लागू गरिनेछ ।

**शहरी विकास**

१. मुख्य बजार क्षेत्रमा निर्माणहुने घर/कार्यालय तथा व्यापारिक कम्प्लेक्सहरुलाई गाउँपालिकाको भवन निर्माण संहिताको मापदण्डमा रहेर मात्रै निर्माण अनुमति दिईने छ भने ब्यवस्थित शहरीकरणलाई जोड दिईने छ ।

२. घरजग्गा नक्सापासलाई अनिवार्य गरी गाउँपालिकाभित्र नयाँ घर निर्माण गर्दा ग्रामीण मौलिकता झल्किने खालको घरहरु बनाउन प्रोत्साहित गरिनेछ ।

३.बजारोन्मुख स्थानहरुमा एकीकृत वस्ती विकास योजना तर्जुमाको लागि अध्ययन गरिनेछ।

४. वैज्ञानिक घर ठेगाना प्रणाली (Metric Addressing System with Street Naming) को अवलम्बन गरी गाउँपालिकाभित्रका मुख्य सडक तथा गल्लीहरुको नामाकरण र घर संख्या (House Numbering) निर्धारण गरिनेछ ।

५. पालिका सडक गुरु योजना (MTMP) तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६. गाउँपालिका क्षेत्रभित्र विभिन्न क्लब, महिला समूह, गुठी लगायत अन्य सामुदायिक भवनहरु निर्माणमा सहयोग गरिनेछ ।

७. गाउँपालिका भित्रका सडकहरुको बर्गीकरण गरी उक्त सडकको रेखदेख र ब्यवस्थापनको जिम्मा टोलसुधार समितिहरुलाई दिईने छ ।

८. गाउँपालिकाका सडकहरुमा हरियाली कायम गर्न सडकमा बहुबर्षे फल दिने प्रजाति (ओखर, एभोकाडो आदि) का विरुवाहरु रोपिने कार्यलाई क्रमशः अगाडी बढाईने छ ।

९. नेले बजार, सुके बजार लगायत विभिन्न वडाहरुको सार्वजनिक स्थानमा ढल निकासको कार्यलाई प्राथमिकताका साथ व्यवस्थित गरिनेछ ।

**पर्यटन**

१) गाउँपालिकालाई कृषि र पर्या-पर्यटनको लागि आकर्षक पर्यटकीय गन्तब्यको रुपमा विकसित गरिनेछ ।

२) सुकेपोखरी क्षेत्रलाई सांस्कृतिक तथा पर्यापर्यटनको लागि विस्तार र प्रचार गर्दै लगिनेछ भने जालिम पोखरी क्षेत्रलाई धार्मिक पर्यटनका साथमा मुन्दुम ट्रेलसँग अन्तर सम्बन्धित बनाउन समन्वय गरिनेछ। डाँडाखर्क, घुम्नेपानी क्षेत्रको पर्यटनसम्बन्धी गुरुयोजना निर्माण गरी कार्यक्रम लागु गरिने छ ।

३) थुलुङ राई, शेर्पा, तामाङ, क्षेत्री—ब्राह्मण, मगर, नेवार, गुरुङ, माझी, जोगी, दलित समुदाय आदिको मौलिक संस्कृति र संस्कारको सम्वर्धन एवं प्रबर्द्धन गरी उपयुक्त स्थानमा विशाल सांस्कृतिक पुरातात्विक संग्रहालय निर्माण गरी पर्यटकको ध्यान आकर्षित गरिने छ ।

४) दुधकोशी नदीमा र्‍याफ्टिङको लागि साथै पालिकाभित्र वन्जी जम्पको लागि सम्भाव्यता अध्ययन गरिनेछ ।

५) सामुदायिक तथा निजी तवरबाट निर्मित मठमन्दिर, भुमे, गुम्बा, देवालय लगायतका धार्मिक सम्पदाहरुको निर्माण, मर्मत तथा संरक्षणलाई प्राथमिकता दिईने छ ।

६) पर्यटन क्षेत्रका विज्ञ तथा सरोकारवालासँगको समन्वयमा हरेक गाउँमा होम स्टेको व्यवस्था र प्रबर्धन गरी आयमुलक व्यवसायको रुपमा विकास गरिनेछ ।

७) शैक्षिक पर्यटन, धार्मिक/सांस्कृतिक पर्यटनको यथोचित विकास गर्दै यस गाउँपालिकालाई अध्ययन केन्द्रको रुपमा विकास गरिनेछ ।

८) गाउँपालिकाको उपयुक्त स्थान छनौट गरी निजी—सरकारी लागत साझेदारीमा आधारित रहेर जीपलाईन निर्माणको संभाब्यता अध्ययनको कार्य थालनी गरिने छ ।

९) गाउँपालिकामा विज्ञहरु सम्मिलित पर्यटन प्रवर्द्धन समिति (Tourism Promotion Committee) गठन गर्दै उक्त समितिलाई सशक्तरुपमा परिचालन गरी विभिन्न कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ । यसका साथै दीर्घकालीन पर्यटन रणनीतिक योजना (Long term tourism strategic plan ) निर्माण गरी लागु गरिनेछ ।

**खानेपानी तथा सरसफाई**

१) एक घर एक धारा प्रत्येक घरमा स्वस्थ खानेपानीको अवधारणा सहित खानेपानी वोर्डबाट आवश्यक कार्य अगाडी बढाइनेछ ।

२) ग्राभिटीमा आधारित खानेपानी मूहानको समस्या हुने गाउँपालिकाको पन्चन, देउसा तथा जुबुमा लिफ्टिङमा आधारित खानेपानी आयोजना संचालन गरिनेछ ।

३) गाउँपालिकाभित्र संचालन हुने खानेपानी आयोजनाहरुको अनिवार्य मूहान दर्ता गर्ने व्यवस्था गरिनेछ । गाउँपालिकाको खानेपानी विकास वोर्डको कार्यक्षेत्र विस्तार गरिनेछ ।

४) गाउँपालिकालाइ सीसा वोतलमुक्त बनाई सफा र हराभरा पालिका निर्माणको अभियानलाई तिब्रता दिईने छ ।

५)स्थानीय समुदायसँगको सहकार्यमा पालिकाभित्रका खानेपानीका स्रोतहरुको अभिलेखीकरण गरी खानेपानी मुहान संरक्षण गर्न कार्यक्रम सञ्चालन गरिनेछ भने पुराना ढुंगेधारा र पधेँराहरुको संरक्षणका लागि ठोस योजना अगाडी सारिने छ ।

६) वजार क्षेत्रमा निर्माण भएका नीजि तथा व्यवसायिक भवनहरुको ढल निकासीका लागि सैफ्टी ट्याङक व्यवस्थित भए नभएको अनुगमन गर्न संयन्त्र निर्माण गरिनेछ भने सेफ्टी ट्याङक निर्माणलाई प्रोत्साहन गरिनेछ ।

७) फोहोरमैला व्यवस्थापनका लागि उपयुक्त स्थानमा डम्पिङ साईट ब्यवस्थापन गरिनेछ।

**फोहोरमैला व्यवस्थापन**

१) " सफा र हरभरा गाउँ, थुलुङ दुधकोशीको सान" को अवधारणा लागु गर्न फोहोरमैलालाई आधुनिक प्रविधिबाट व्यवस्थापन गर्न एकीकृत स्रोत प्रशोधन केन्द्र स्थापनाका लागि स्रोत परिचालन तथा सहकार्यको कार्यलाइ निरन्तरता दिइनेछ ।

२) मुख्य बजार क्षेत्र (Core market area) को सरसफाई एवं सुन्दरता अभिवृद्धिका लागि पालिकाभित्रका सडक तथा बजारमा जडित तार तथा पोलहरूलाई व्यवस्थित गरिने छ । टोल सुधार समितिहरुसँगको सहकार्यमा टोललाई व्यवस्थित गर्ने गरी सरसफाईका कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ । फोहोरमैला व्यवस्थापनको लागि जनतासँगको लागत साझेदारीमा व्यवस्थापन कार्यक्रम अगाडी बढाइनेछ ।

३) गाउँपालिकामा फोहोरमैला व्यवस्थापन कोष खडा गरी सञ्चालन गरिनेछ ।

४) व्यवसायिक रुपमा स्थापना गरिएका पशुपंक्षी जन्य खोरहरुबाट निस्कने फोहर मैलाका कारण फैलन सक्ने दुर्गन्धबाट गाउँपालिकाको वातावरण प्रदुषणबाट बच्न त्यस्ता खोरहरु सडक तथा वस्तीहरुबाट कम्तिमा २०० मिटर टाढा राख्ने नीति अवलम्वन गरिनेछ ।

५) पालिका क्षेत्रमा प्लाष्टिकजन्य पदार्थको प्रयोग बर्जित गरिने छ भने कपडाको झोला प्रयोगका लागि प्रोत्साहन गरिनेछ ।

**ऊर्जा तथा सिँचाइ**

१) विद्युतको केन्द्रीय प्रशारण लाइन विस्तार हुन बाँकी वडाहरुमा राष्ट्रिय प्रशारण लाइनको विस्तार गर्नको लागि आवश्यक समन्वय गरिनेछ ।

२) गाउँपालिकाभित्र संचालनमा रहेका लघुजलिवद्युत आयोजनाहरुको पोल तथा तारहरुको व्यवस्थित तरिकाले पुन प्रयोग गर्ने अन्य भौतिक र जिन्सी सम्पतिको उचित व्यवस्थापन गराइनेछ।

३) मूख्य व्यापारिक केन्द्रका मुख्य सडक मार्ग र चोकहरुमा विद्युतीय सडक वत्ती राख्ने कार्यलाई विभिन्न निकायसँगको समन्वयमा अगाडी बढाईने छ ।

४) खेतिपाती गरिने क्षेत्रको जमिनमा सिंचाई सुविधा विस्तार गर्नका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ । सिंचाइ प्रणालीको छनौट गर्दा यथासम्भव सवै वडा समेटिने, वाली विविधीकरण, व्यवसायीकरण र बढी आर्थिक प्रतिफल दिने खालका सिंचाइ प्रणाली छनौट गरिनेछ ।

५) ग्र्याभिटी तथा लिफ्टिङमा आधारित सिंचाई प्रणालीको विकासबाट गाउँपालिकामा वेमौसमी खेतीका लागि प्रोत्साहन गरिनेछ ।

**सूचना, सञ्चार तथा प्रविधि**

१) गाउँपालिकालाई पूर्ण रुपमा डिजिटल गाउँपालिकाका रुपमा विकास गरिनेछ ।

२) गाउँपालिकाको हरेक क्षेत्रमा 4G र 5G ईन्टरनेट सेवा सहितको नेटवर्क विस्तार गर्न आवश्यक पहल गरिनेछ।

३) डिजिटल गाउँपालिका निर्माणका लागि सबै जनताहरुलाई सूचना प्रविधिको प्रयोगसम्बन्धी अभिमुखिकरणका लागि डिजिटल साक्षरता अभियान सन्चालन गरिनेछ ।

४) प्रत्येक विद्यालयमा उपलब्ध भएसम्मको तिव्र गतिको इन्टरनेट जडान गर्न पहल गरिनेछ । हाल जडान गरिएको इन्टरनेट सेवाको अधिकतम उपयोगमा ध्यान दिइनेछ ।

५) ई-गभर्नेन्सलाई प्राथमिकतामा राखी गाउँपालिकाबाट प्रदान गरिने सबै सेवाहरु र आन्तरिक कार्यहरुलाई समेत ईलेक्ट्रोनिक माध्यमबाट सम्पादन गर्दै लगिनेछ ।

६) डिजिटल गाउँपालिका निर्माणका लागि गाउँपालिकामा सुचना प्रविधि सम्बन्धी गतिविधि बढाउन सुचना प्रविधि सम्बन्धी वर्कसप (Workshop) हरु संचालनमा ल्याईनेछ ।

७) कागज विहिन सरकारको नीति अवलम्वन गर्दै लगिनेछ । योजना सम्झौतादेखि फछ्र्यौट सम्मका प्रकृयामा कम्प्यूटर (अनलाइन) प्रणालीको बढावा दिइनेछ ।

८) गाउँपालिकाभित्र भरपर्दो द्रूत गतिको ईन्टरनेट सेवा प्रवाहका लागि अप्टिकल फाईवर नेटवर्क विस्तारका लागि आवश्यक पहल गरिनेछ ।

९) गाउँपालिका र वडाबाट प्रवाह गरिने सेवाहरुलाई प्रविधिमैत्री बनाउनका लागि कर्मचारीहरु लाई सूचना प्रविधि सम्बन्धी तालिमको व्यवस्था गरिनेछ ।

१०) यस क्षेत्रका सञ्चारकर्मी र पत्रकारको व्यवसायिक विकास र दक्षता अभिबृद्धिका लागि नियमित तालिमहरु सञ्चालन गरिनेछ ।

११) जनतामा सूचनाको सहज पहूँच पुर्‍याउन, पारदर्शीता कायम गर्दै सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउन सञ्चार माध्यम मार्फत विभिन्न कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

**वन तथा वातावरण**

१) गाउँपालिकाका सबै सामुदायिक वन उपभोक्ता समितिको वार्षिक वन पैदावार विक्री सम्बन्धी कार्ययोजना गाउँपालिकाले स्वीकृत गर्ने र वन पैदावार विक्रीबाट प्राप्त आयले कानून वमोजिम गाउँपालिकाको राजस्व संकलनमा योगदान पुर्‍याउने व्यवस्था गरिनेछ।

२) सिमसार क्षेत्रको पहिचान र संरक्षण कार्यक्रम लागू गरिनेछ । डाँडाखेत, सुकेपोखरी, घुम्नेपानी, काँगेल एयरपोर्ट, जालिम क्षेत्र लगायतका सिरान क्षेत्रमा पोखरी निर्माण गरी जलचरलाई समेत पानी उपलब्ध हुने तथा हरियाली विकास गर्नको लागि आवश्यक व्यवस्था तथा अन्तरतह समन्वय गरिनेछ ।

३) वडामा रहेका प्रत्येक सार्वजनिक स्थान, सरकारी कार्यालय क्षेत्रमा अनिवार्य उद्यान निर्माण तथा वृक्षारोपण गर्ने नीति अवलम्बन गरिनेछ । जसका लागि एक वडा एक हजार विरुवा रोपण कार्यक्रम लागू गरिनेछ ।

४) गाउँपालिकाको उपयुक्त स्थानमा ईको पार्क, चिल्ड्रेन पार्क र पिकनिक स्थलको विकासको कार्य ठोस रुपमा अगाडी बढाइने छ ।

५) ढुंगा, गिट्टी, बालुवा संकलन गर्दा वातावरणमा प्रतिकूल प्रभाव पर्न नदिन प्रारम्भिक वातावरणीय परीक्षण मूल्यांकन सम्पन्न गरिएका खोलाहरूबाट मात्र खोलाजन्य पदार्थ संकलन गरिनेछ साथै प्रतिवेदनमा सिफारिस भएका सुझावहरू पालना भए नभएकाको प्रभावकारी अनुगमन कार्यलाइ निरन्तरता दिइनेछ ।

६) जलवायु परिवर्तन अनुकूलन कार्यक्रम तथा नवीकरणीय ऊर्जाको उत्पादन र प्रयोगलाई प्रोत्साहित गर्ने खालका कार्यक्रमहरू निजी तथा गैर—सरकारी क्षेत्रको संलग्नतामा सञ्चालन गरिनेछ ।

७) गाउँपालिकाका सडकलाई हरियाली बनाउन हरेक सडकको छेउमा बहुबर्षे फलफुलका विरुवा वृक्षारोपन कार्यलाई प्रोत्साहन गरिनेछ ।

८) प्रदेश तथा संघीय सरकारको समन्वयमा कबुलियती वन विकास कार्यक्रम लागू गरी गरिबी हटाउन तथा आर्थिक गतिविधि बढाउन उपयोग गरिने छ ।

९) लोप हुन लागेका बन्यजन्तु तथा चराचुरुङ्गीको संरक्षण, जैविक विविधता र पारिस्थितिक प्रणालीको सन्तुलनका लागि छुट्टै विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१०) वातावरणमैत्री गाउँपालिका घोषणाका लागि तयारी गरिनेछ ।

११) गाउँपालिकाभित्र प्रत्येक वडामा रिचार्ज पानी पोखरी निर्माणका लागि व्यवस्था मिलाईनेछ ।

## सुशासन तथा सेवा प्रवाह

१) गाउँपालिका तथा सबै वडा कार्यालयमा आएका जनगुनासो सम्बोधन सेवा प्रवाहको गुणस्तर अभिवृद्धिका लागि डिजिटल माध्ययम तथा संचार माध्ययमबाट हेलो थुलुङ दुधकोशी कार्यक्रम संचालन गरिनेछ ।

२) सामाजिक सुरक्षा तथा कार्यालयबाट हुने प्रत्येक भुक्तानीलाई डिजिटल माध्यमबाट मात्र हुने व्यवस्था गरिनेछ ।

३) गाउँपालिकाको योजना प्रणालीलाई सफ्टवेयर प्रणालीबाट संचालन गरिनेछ । कागजी सम्झौतालाई प्रतिस्थापन गरिनेछ ।

४) हरेक चौमासिकमा नियमित रुपमा सार्वजनिक सुनुवाई गरिनेछ । अर्धवार्षिक रुपमा सामाजिक परीक्षण गराइनेछ ।

५) गुनासो सुन्ने तथा उजुरी लिने प्रकृयालाई प्रभावकारी बनाइने छ भने गाउँपालिकाको समग्र विकास निर्माण र सेवा प्रवाहको अनगुमनलाई प्रभावकारी बनाउन नागरिक समाजका संस्थाहरु मार्फत तेश्रो पक्षद्वारा मूल्यांकन गराउने व्यवस्था गरिनेछ ।

६) गाउँपालिकाको समग्र कामकारवाही र सेवा प्रवाहको प्रभावकारीताका लागि जिल्लाका एफ.एम. स्टेशनहरुबाट साप्ताहिक रुपमा जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम संचालन गरिने छ ।

७) गाउँपालिकाबाट प्रवाह हुने सेवालाई सरल र नागरिकमैत्री बनाउन छुट्टै हेल्पडेस्कको ब्यवस्थापन गरिने छ ।

८) गाउँपालिकामा आवश्यकता अनुसार कर्मचारी व्यवस्थापन गर्न तथा कर्मचारीहरुको मनोवल उच्च राख्न, क्षमता विकास गर्नका लागि समयानुकुल प्रोत्साहन तथा पुनर्ताजकी तालिमहरुको व्यवस्था गरिनेछ साथै संगठन पुनर्संरचनाको कार्यलाई निरन्तरता दिइनेछ ।

९) सार्वजनिक सेवा प्रवाह हुने सबै कार्यालय र स्थानहरुमा जडान गरिएको सीसी क्यामेराहरुको पुनरावलोकन, मर्मत सम्भार गरेर दीगो संचालन गरिनेछ ।

१०) गाउँपालिका तथा वडाबाट प्रदान गरिने पञ्जीकरण, स्वास्थ्य सेवा, भेटेनरी सेवा लगायतका सेवाहरुलाई घुम्ती सेवाका रुपमा प्रदान गरिनेछ ।

११. राष्ट्रिय परिचयपत्र वितरण कार्य गाउँपालिकाको वडा वडाबाटै गरिने व्यवस्था गर्न पहल गरिनेछ ।

१२. **महिला, वालवालिका जेष्ठ नागरिक तथा अपांगतर्फ**

**महिला**

१) महिलाहरुलाई प्रत्यक्ष रोजगारी सिर्जना हुने र आम्दानी हुने खालका सीप विकासका तालिम संचालन गरिनेछ ।

२) वाल विवाह न्यूनीकरणका लागि चेतनामूलक कार्यक्रम लागू गरिनेछ । विद्यालयमा वालिकालाई टिकाइराख्न सेनिटरी प्याड निशुल्क वितरण गरिनेछ ।

३) विपन्न तथा पछाडी परेका वर्गका महिलाहरुलाई लक्षित गरी सशक्तीकरण कार्यक्रमहरु गरिनेछ ।

४) परम्परागत सीपहरु भएका महिलाहरुको तथ्यांक संकलन गरी त्यस्ता सिपहरुको नयाँ पुस्तामा हस्तान्तरण गरिनेछ साथै आधुनिक सीपहरु विकास गरी आत्मनिर्भर बनाईने छ ।

५) महिला सम्बन्धी संचालन गरिने सबै कार्यक्रमहरु महिला समूह गठन गरी सहकार्यमा संचालन गरिनेछ ।

६) महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण तथा विभेद विरुद्ध शून्य सहनशिलताको नीति अवलम्बन गरी तिनको रोकथाम तथा नियन्त्रणका लागि कानुनी उपचार प्रणालीलाई सहज, छिटो र सबैका लागि पँहूचयोग्य बनाउन पहल गरिनेछ ।

७) एकल महिलाहरुलाई सीपमुलक कार्यक्रम संचालन गरी आत्मनिर्भर बनाइनेछ ।

८) गाउँपालिकामा निर्माण हुने भौतिक निर्माणमा आवश्यक लैंगिक मैत्री नीति अपनाइनेछ।

९) स्थानीय तहबाट गठन हुने समिति तथा उपसमिति निर्माण वा गठन गर्दा कानून अनुसार समानुपातिक समावेशीता कायम गरिनेछ ।

१०) ७० वर्षभन्दाका माथिका एकल महिलाहरुलाई गाउँपालिका र वडा कार्यालयहरुबाट सिफारिस दिदा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**बालबालिका**

१. गाउँपालिका र वडाहरुलाई वालमैत्री घोषणा गर्नको लागि आवश्यक तयारी थालनी गरिनेछ ।

२. उमेर पुगेर पनि विद्यालय भर्ना नभएका बालबालिकालाई विद्यालय भर्ना गराउन पालिका समुदाय साझेदारीमा विशेष अभियान संचालन गरिने छ ।

३. बालबालिकाहरुको क्षमता प्रस्फुटित गराउनका लागि बालक्लब, बालसञ्जाल र किशोरी समुहहरु गठन गरी क्षमता अभिबृद्धि गर्ने खालको कार्यक्रम लागु गरिने छ ।

४. गाउँपालिकाभित्र निर्माण हुने हरेक निर्माणलाई वालवालिकामैत्री बनाइनेछ ।

५. प्रत्येक बालवालिकालाई अनिवार्य गरिएका खोपको मात्रा पुरा गराइनेछ ।

६. जन्मेको ३५ दिनभित्र शतप्रतिशत जन्मदर्ता गराउन व्यवस्था गरिनेछ ।

**अपाङ्ग**

१) अपांगमैत्री स्थानीय तह घोषणा गर्नका लागि आवश्य वजेट व्यवस्था गरी प्रदेश सरकारसँगको समन्यवमा कार्यक्रम संचालन गरिनेछ ।

२) गाउँपालिकाभित्र निर्माण हुने प्रत्येक निर्माणलाई अपाङ्ग मैत्री डिजाइन तथा निर्माण गर्ने व्यवस्थालाई अनिवार्य लागू गरिनेछ ।

३) अपाङ्गता भएका व्यक्ति तथा असहायका ज्ञान एवं सीपहरुको प्रोफाईल बनाई अध्यावधिक गरिने छ ।

४) अपाङ्ग र असहाय ब्यक्तिहरुले अगाडी सारेका कृषि तथा लघु उद्यम सम्बन्धी परियोजनालाई अनुदान दिने ।

**ज्येष्ठ नागरिक/सामाजिक सुरक्षा**

१. गाउँपालिकामा एक वटा ज्येष्ठ नागरिक हेरचाह केन्द्र स्थापना गरी संचालन गरिनेछ।

२. जेष्ठ नागरिकहरुसँग रहेको संस्कार, अनुभव, तथा सामाजिक व्यवहारलाई भावि युवा पुस्तामा अन्तर्क्रियाको माध्यमबाट हस्तान्तरण गर्न अन्तर पुस्ता हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।

३. बृद्धबृद्धालाई घरघरमै स्वास्थ्यजाँच तथा नेपाल सरकारले प्रदान गर्ने सबै प्रकारका औषधीहरु निशुल्क उपलब्ध गराइने छ ।

४. बृद्धभत्ता तथा अन्य सामाजिक सुरक्षा भत्तालाई थप सहज बनाउँदै विभिन्न बैंक तथा वित्तिय संस्थाहरुसँग सम्झौता गरी वडा वडामा नै वितरणको व्यवस्था मिलाइने छ ।

५. ८० बर्षभन्दा माथिको जेष्ठ नागरिकहरुलाई गाउँपालिका र वडा कार्यालयहरुबाट सिफारिस दिदा निःशुल्क उपलब्ध गराउने व्यवस्था गरिनेछ ।

**५. विपद् व्यवस्थापन**

१) गाउँपालिकाको विपद जोखिम नक्सांकन गरी विपद प्रतिकार्य योजना निर्माण गरिनेछ।

२) बाढी, पहिरो, आगलागी, ढडेलो, अपराधिक क्रियाकलाप आदिबाट घाइतेलाई शीघ्र उद्धार र उपचारको व्यवस्था गरिनेछ । आर्थिक अवस्थाको मूल्यांकन गरी उपचार खर्च सहयोग गरिनेछ ।

३) विपद सम्बन्धी पुर्व सूचना दिने पुराना तथा नयाँ प्रविधि (साईरन, सिसि क्यामेरा आदि) को अधिकतम प्रयोग गरिने छ ।

४) विपद पछिको जनजीवनलाई सामान्य बनाउन तत्कालिन, मध्यकालिन र दिर्घकालिन कार्यबारे बालबालिका, महिला, ज्येष्ठ नागरिकहरुलाई तालिम तथा अभिमुखिकरण कार्यक्रमहरु संचालन गरिने छ ।

५) विभिन्न विपद्हरुको रोकथाम तथा नियन्त्रणका लागि प्रदेश, संघीय सरकारका निकाय तथा गैर—सरकारी संघ—संस्थासँग समन्वय गरी कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

६) विपद्मा परेका व्यक्ति, परिवारलाई राहत दिन विपद् जोखिम व्यवस्थापन कोष खडा गरिने छ । विपद्मा परेका पालिकावासीहरूलाई राहत दिन राहत सामग्रीहरुको भण्डारण गरी तत्कालै उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाइनेछ ।

७) जोखिम युक्त स्थलहरूको पहिचान गरी विपद्का बेला राहत र उद्धारका लागि खुला क्षेत्र समेतको व्यवस्था पहिचान गरी जोखिम न्यूनीकरणका लागि कार्यहरु कार्यान्वयन गर्दै लगिनेछ ।

८) गाउँप्रहरीहरुलाई विपत व्यवस्थापन तथा उद्दार सम्बन्धी तालिमको व्यवस्था गर्नुका साथै गाउँपालिका अन्तर्गत रहेको एम्बुलेन्स, दमकल लगायत अन्य सवारी साधनलाई प्रभावकारी ढंगबाट विपत व्यवस्थापन र उद्दारका लागि परिचालन गरिनेछ ।

९) गाउँपालिका भित्र भएका नागरिकहरुको मृत्यु भएमा गाउँपालिकाको गाउँप्रहरीद्वारा सलामी अर्पण गरी समवेदना पत्र सहित आर्थिक सहयोग गरिनेछ ।

**राजश्व तथा कर प्रशासन**

१. करदाता शिक्षा कार्यक्रमलाई प्रभावकारी बनाउने कार्यलाई निरन्तरता दिदै गाउँपालिकाभित्रका सबै खाले व्यवसाय (होटल, पसल, उद्योग आदि) लाई करको दायरामा ल्याइनेछ । करको दायरा बढाउन जनचेतनामुलक र रणनैतिक कार्यक्रम तर्जुमा गरिने छ।

२. गाउँपालिकाको दिगो आम्दानीको श्रोतहरुको पहिचान गरी करको दायरा बढाईने छ।

३. राजश्व संकलन कार्यलाइ प्रविधि मैत्री वनाइनेछ ।

४. राजस्व प्रणालीमा पूर्ण रुपमा अनलाइन सफ्टवेयर प्रणाली (SUTRA) लागू गरिनेछ । नगदी रसिदबाट राजस्व संकलन कार्यको पूर्ण रुपमा अन्त्य गरिनेछ ।

**रोजगारी**

१) वर्षमा कम्तिमा २०० जना युवालाई रोजगारमुलक तालिम दिई रोजगारी सृजना गरिनेछ।

२) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत संचालन हुने योजनामा आवश्यक हुने ढुवानी तथा ढुंगा, तारजाली, सिमेन्ट, बालुवा जस्ता निर्माण सामग्री खरिदको लागि गाउँपालिकाबाट वजेट व्यवस्थापन गरिनेछ ।

३) प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वेरोजगार रहेका व्यक्तिहरुलाई निर्धारित मापदण्ड बमोजिम रोजगारी दिने कार्यलाई निरन्तरता दिइनेछ । साथै पालिका अन्तर्गत सबै वडामा बेरोजगार व्यक्तिको तथ्याङ्क संकलन गरी बेरोजगार व्यक्तिको सूचीलाई रोजगार व्यवस्थापन सूचना प्रणालीमा अधावधिक गराइनेछ ।

४) स्थानीय सिप हरु जस्तै प्लम्विङ, कार्पेन्ट्रि, मेसोनरी, पेन्टीङ, वायरीङ मा तालिम प्रदान गरी उक्त सिपहरुमा आत्मनिर्भर हुने व्यवस्था मिलाईनेछ ।

## गैर- सरकारी संघ - संस्था

१."विकासका लागि हातेमालो अभियान" सञ्चालन गर्न कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन, फोहोरमैला व्यवस्थापन लगायतका सामाजिक क्षेत्रहरूमा गैर—सरकारी संस्थाहरुसँग लागत सहभागितामा आधारित कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ ।

## भूमि सुधार

१. गाउँपालिकाले निर्माण गरेको भू-उपयोग योजनाको पूर्ण रुपमा कार्यान्वयन गरिनेछ ।

२. गाउँपालिकाभित्र रहेका भूमीहिन, अव्यवस्थित वसोवासीहरुलाई जग्गाधनी धनीपूर्जा वितरण गर्ने तथा व्यवस्थित बनाउन आवश्यक पहल गरिनेछ ।

३. गाउँपालिकाभित्रका भूमीहरुको नक्सा प्रिन्ट गाउँपालिका कार्यालयबाटै गर्न सकिने व्यवस्था लाई निरन्तरता दिईनेछ।

## उद्योग

१. गाउँपालिका प्रशासनिक केन्द्र आसपास वा उपयुक्त स्थानमा एक औद्योगिक ग्रामको स्थापना गरिनेछ । पहिलो वर्ष जग्गा प्राप्ति, स्वीकृति प्राप्ति र डिपीआर निर्माणको कार्य सम्पन्न गरिनेछ ।

२. स्थानीय कच्चा पदार्थ प्रयोग गरी संचालन भएका उद्योगलाई विशेष अनुदान प्रदान गरिनेछ ।

३. साना तथा मझौला उद्योग जस्तैः चिया खेती, किवी प्रशोधन, आलु चिप्स/फ्रेन्चफ्राइ, गुराँस जुस, मिनरल वाटर, मत्श्य भूरा/माछापालन आदिको प्रोत्साहनका लागि आवश्यक अनुदान सहयोग उपलव्ध गराइनेछ ।

४. उद्योग व्यवसायको प्रवर्द्धन र सुरक्षा निकायको समन्वयमा पूर्ण सुरक्षाको प्रत्याभूतिको वातावरण बनाउँदै गाउँपालिकालाई उद्योग मैत्री गाउँपालिकाको रूपमा विकसित गरिने नीति कायम राखिनेछ ।
५. पालिका क्षेत्रभित्र रहेका परम्परागत सीपहरु भाँडाकुडा, सिलाइ, छालाजुत्ता लगायतका सीपहरुलाइ व्यवसायीकरण गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।
६. गाउँपालिका क्षेत्रभित्र सञ्चालित क्रसर उधोगहरुलाई वातावरणमैत्री एवं जोखिमरहित किसिमले सञ्चालन गर्ने गरी दर्ता प्रक्रियालाई सहजीकरण गरिनेछ ।
७. विभिन्न गैह्रसरकारी निकायसँगको समन्वय र सहकार्यमा नयाँ उद्यमी विकास गरिने छ।

**खेलकूद**

१) निर्माणाधीन प्रदेश स्तरीय खेलग्रामलाई पुरा गर्न बजेटको व्यवस्था गरिनेछ । एक वडा एक खेल मैदान र एक विद्यालय एक खेल शिक्षकको नीति लागू गरिनेछ ।

२) परम्परागत खेलहरु भलिबल, डण्डिवियो, बाघचाल, कबड्डी, लगातयलाई संरक्षण र प्रबर्धन गरिने छ ।

३) विभिन्न किसिमका खेलकुद प्रतियोगिताहरु आयोजना गरिने छ ।

**वित्त तथा सहकारी**

१) सबै वडाका नागरिकको पहुँचमा बैंकिङ प्रणालीलाई विस्तार गर्न आवश्यक पहल गरिनेछ ।

२) गाउँपालिकाको प्रत्यक्ष लगानीमा निजी क्षेत्रसँगको साझेदारीमा एउटा गाउँ विकास सहकारीको स्थापना गरी किसानहरुलाई सहज कृषि ऋण उपलब्ध गराउने व्यवस्था गरिनेछ।

३) कम्तिमा “एक वडा एक सहकारी“ को अभियान प्रवर्द्धन गरी सहकारी मार्फत उत्पादन भएका वस्तु तथा सेवालाई प्रोत्साहन गरिनेछ ।

४) सहकारीहरुसँगको सहकार्यमा आर्थिक सामाजिक विकासका क्रियाकलापहरु सञ्चालनमा ल्याइनेछ साथै सहकारी डेस्क स्थापना गरी अनुगमन तथा नियमन गरिनेछ ।

५) सहकारीहरुको लेखा प्रणाली व्यवस्थित गर्नका लागि आवश्यक तालिमको व्यवस्था गरिनेछ ।

**साझेदारी**

१) गाउँपालिकाको दीर्घकालिन आयस्रोत निर्माण हुने तथा राम्रो प्रतिफल प्राप्त हुने आयोजनाहरु आर्थिक साझेदारी गर्ने सरकारी तथा निजी बैकहरु, अन्य संघ—संस्थाहरुसंग ऋण, अनुदान तथा साझेदारीमा सञ्चालनमा ल्याईनेछ ।

२) सिमाना जोडिएका पालिकाहरुसँग समन्वय गरी बहुपालिका विकास साझेदारी (Multiple Palika Development Collaboration) कार्यक्रमलाई अगाडी बढाईनेछ ।

३) गाउँपालिका भित्र निर्माण तथा मर्मत हुने सडक, खानेपानी, ढल तथा अन्य पूर्वाधारका लागि यस गाउँपालिका र इच्छुक उपभोक्ता/अन्य निकायसँग लागत साझेदारीलाई बढी प्राथमिकता दिईनेछ ।

**धर्म, संस्कृति र स्थानीय सीप प्रवर्द्धन**

१. गाउँपालिकामा हुने औपचारिक कार्यक्रमहरुमा लगाइने खदा तथा व्याचको विकल्पमा स्थानीय सीप तथा उत्पादनबाट निर्मित फुर्का, धजुरा, ङिमारी आदिको प्रयोगलाई प्राथमिकता दिइनेछ ।
२. ओगानेम क्षेत्रलाई ऐतिहासिक सांस्कृतिक क्षेत्रको रुपमा विस्तार गरिनेछ ।
३. स्थानीय सांस्कृतिक सम्पदाको रुपमा रहेको पानी पँधेरो, कुवा, चौतारो, पीपल चौतारी जस्ता सम्पदाको संरक्षण गर्ने नीति अवलम्बन गरिनेछ ।
४. पालिका क्षेत्रभित्र रहेको सम्पूर्ण धर्म, संस्कृति र संस्कारको जगेर्ना गर्न विशेष भूमिका निर्वाह गरिनेछ ।
५. स्थानीय सांस्कृतिक महत्वसँग सम्बन्धित रहेका खाडीको दौरा सुरुवाल, विनायो, मुर्चुङ्गाको खोल, कांगियो, थाक्रो, हँसियाको दाप जस्ता बुनाई र कलासँग सम्बन्धित सीप विकासको लागि आवश्यक व्यवस्था गरिनेछ ।

**न्याय**

१. न्यायीक प्रकृयालाई सरलीकरण गर्न उजुरीलाई अनलाइन प्रणालीबाट वडाहरुबाटै दर्ता गर्न मिल्ने व्यवस्था गरिनेछ ।
२. विवादको साटो मेलमिलापको बाटो भन्ने राष्ट्रिय नारालाई आत्मसात गरी मेलमिलापलाई प्राथमिकतामा राखिनेछ ।
३. प्रत्येक वडामा मेलमिलापकर्ताहरुद्वारा विवादहरुलाई वडास्तरमा नै वडाको मेलमिलाप केन्द्रबाट समाधान गरिनेछ ।

श्रद्धेय अध्यक्ष ज्यू,

कोभिड महामारी पछिको पोष्ट कोभिड असर, जसले पुऱ्याएको पर्यटकीय गतिविधिमा असर विश्वका विभिन्न राष्ट्रविचको विवादले वैदेशिक रोजगारीमा परेको असरका कारण देशभरी नै वेरोजगारी बढेको अवस्थामा थुलुङ दुधकोशी गाउँपालिकाले आव २०८१/८२ मा रोजगारी अभिवृद्धि, कृषि उत्पादनमा वृद्धि तथा उपयुक्त वजारीकरण, स्थानीय सीप तथा उद्यम प्रवर्द्धन गरी स्थानीय जनताको आर्थिक अवस्था उकास्ने खालका कार्यक्रम तय गर्ने र सो कार्यमा सबैबाट सहयोगको अपेक्षा गरिएको छ ।

अन्तमा, गाउँपालिकाको शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक समावेशीकरण, भौतिक पूर्वाधार, वातावरण व्यवस्थापन लगायतका हरेक क्षेत्रमा समानुपातिक विकास गरी गाउँपालिकालाई समुन्नत बनाउने महान् कार्यमा यहाँका राजनीतिक दल, समाजसेवी, नागरिक समाज, कर्मचारी, गैर आवासीय नेपाली समेत सम्पूर्ण पालिका वासीको सकरात्मक योगदान हुनेमा पूर्ण विश्वास साथ सबैमा आभार प्रकट गर्न चाहन्छु ।

धन्यवाद ।